## अर्थमन्त्रालयको सूचना

जिल्ला जिल्लाको वर्गीयकरण, बडाहाकिमहरूको बेतन विषय प्रकाशित भएको ०६।३।२ को गजेटमा पाल्पा गौंडालाई क. श्रेणीमा निर्धारित गरिएको-मा बाग्लुङ र गुल्मी सो गौंडाको अधीनस्थ रहेसम्म मात्र उक्त श्रेणीमा रही सो जिल्लाहरूको तालुक छुटेपछि सो जिल्ला बडाहाकिमको तलब बेतन ख. श्रेणी-मा परिवर्तित हुनेछ ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी — अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

पे–कमिशनको चेयरम्यान श्रीदेवनाथप्रसाद शर्मा बिदामा जानुभएकोले वहाँको अनुपस्थितिमा सो कमिशनका सदस्य एकाउण्टेन्ट जनरल श्रीसरदार मानबहादुर चेयरम्यान भै काम गर्नुहुने भएको छ ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी — अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

पब्लिक सर्भिस कमिशनका चेयरम्यान र मेम्बरहरूको निमित्त पेन्सनबारे निम्न लेखिएको नियम निर्धारित गर्ने निर्णय भएको हुनाले सूचित गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६१



(क) पेन्सनको रूलबमोजिम नोकरी वर्ष पुगेका र पेन्सनवालाहरूबाट छानिएर आएका चेरयम्यान तथा मेम्बरहरूको हकलाई पेन्सनको रूल नियम जो छ, सोबमोजिम हुनेछ ।

(ख) २५ वर्षको ( अविच्छिन्न ) नोकरी पूरा नभै पेन्सनको रूल नियमले पेन्सन नपाउने भैरहेका पदाधिकारीहरूको हकलाई निजहरूले आफ्नो नोकरीको अवधि भुक्तान भई अरू सरकारिया कुनै नोकरी नपाउने गरी रिटाएर्ड हुने भएमा हर्जानाको रूपमा सो पोष्टहरूमा काम गरेको प्रत्येक पूर्ण वर्ष १ को महिना १ का दरले पाउने तलबको अंक एकै पटक प्रदान गरिनेछ ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी,— अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

निम्नलेखिएका कुरामा निम्नलेखिएबमोजिम गर्ने — २०१० साल ज्येष्ठ ३० गतेमा निर्णय भएको छ ।

(क) बागलुङ्ग कुट खेतीको मेनेजरलाई दर्ज्यानी साबिकै कायम गरी ५०-६० को स्केलमा राखी तलब खुवाउने ०६ साल पौष १५ गते गजेट प्रकाश भए-कोमा ७०-१३० को स्केलमा राखी खुवाउने— — — १

(ख) ललितपुर भेटनरी डिस्पेन्सरीको क्लर्क काम गर्ने कालिगढलाई पहिला दर्जाको कारिन्दा दर्ज्यानी कायम गरी ५०-६० को स्केलमा राखी तलब

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

452



खुवाउने ०६ साल चैत्र २४ गते गजेट प्रकाश भएकोमा जूनियर मिस्त्री दर्जा गरी ४५-८० को स्केलमा राखी तलब खुवाउने — — १

(ग) जनसंख्या, मालपोत र महत्वको समेतको विचार गरी पूर्व ४ नम्बर गोस्वाराको (ग) श्रेणीका जिल्लामा वर्गीकरण गर्ने — — — १

आज्ञाले,
हिमालयशमशेर
सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

भत्ता कमिशनको सभापति श्रीयज्ञबहादुर बस्न्यातज्यूले पदत्याग गर्नुभएकोमा सो कमिशनको सभापतिको काम श्रीनृपजङ्ग राणाले र सदस्य कंरजङ्गराणाले गरी आएको काम सरदार श्रीभूपध्वज कार्कीले गर्ने निर्णय भएको छ।

आज्ञाले,
हिमालयशमशेर.
सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

लेखपढको सामान, खेलौना र फुटकर सामानको दरबन्दी

उपरोक्त विषयमा देहायबमोजिम महसूल लिने निर्णय सरकारबाट गरेको हुनाले सूचना गरिएको छ। सोबमोजिम महसूल लिने गर्नु गराउनुहोला।

मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५०६)